## स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २८ मितिः २०७७/०३/१७


## भाग-१

### स्वामीकार्तिक खापर गाउँपालिका

**स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७७७०७८ को सञ्चित कोषबाट**

**रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था  गर्न**

**बनेको विनियोजन ऐन, २०७७**

## स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था  गर्न बनेको विनियोजन ऐन,२०७७

**प्रस्तावना**:

स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८को सेवा र कार्यहरुकालागि संञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानधारा २२९ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी,

स्वामीकार्तिक खापर गाउँ सभाले यो ऐन संञ्चितकोषबाट रकमखर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा ऐन बनाई लागु गरिएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ :** (क) यस ऐनको नाम स्वामीकार्तिक खापर गाउँपालिकाको विनियोजन ऐन २०७७ रहेको छ ।

(ख) यो ऐन२०७७ साउन १ गते देखिप्रारम्भ हुने छ ।

**२. परिभाषा**:विषयवाप्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले स्वामीकार्तिकखापरगाउँपालिकाको विनियोजन ऐन २०७७ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको संविधान सम्झनुपर्छ ।

**३. <u>आर्थिक वर्ष २०७७को लागि सञ्चितकोषबाट रकमखर्च गर्न सक्नेअधिकार</u>**: (१) आर्थिक वर्ष २०७७।०७८को नियमितगाउँकार्यपालिका, वडा कार्यालय , विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकालागि अनुसूची (१) माउल्लिखितचालू खर्च, पुँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत जम्मा गरी रकम रु. ३८,६२,९०,६००।-अक्षेरुपी(अठ्तीस करोड बैसठ्ठीलाखनब्बेहजार छ सय रुपैयाँ ) मा नबढाई निर्दिष्ट गरिए बमोजिमगाउँपालिकासञ्चितकोषबाट खर्च गर्न सकिने छ ।

**४. <u>विनियोजन</u>** : (१) यस ऐनद्धारा संञ्चितकोषबाट खर्च गर्नेअधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८को निमित्त स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँकार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिगाउँकार्यपालिका, वडा कार्यालय, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमाकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्ने छ ।

उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमाजम्मा रकमको २५प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च गर्न सकिने छ ।

(३) पुँजिगतखर्च वित्तियव्यवस्थापनअर्न्तगतविनियोजितरकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र वित्तियव्यवस्थाअर्न्तगत साँवाभुक्तानीखर्च तर्फ विनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापुँजिगतखर्च र वित्तियव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । गाउँपालिकाको वित्तियसमानीकरण शिर्षकको रकमपुँजिगतशिर्षकमामात्रखर्च गर्नुपर्नेछ । चालु शिर्षकको रकमआवश्यकताअनुसार पुँजिगतशिर्षकमा रकमान्तरण गरी खर्च गर्न सकिनेछ ।

(४) उपदफा (२) महामारी, प्राकृतिकविपद जस्ता असामान्यअवस्थासिर्जना भई स्रोत अभावहुनगएको अवस्थामा एक अनुदान संकेतबाट अर्को अनुदान संकेतमा रकम सार्ने सिमागाउँकार्यपालिकाले तोके बमोजिमहुनेछ ।यसको अनुमोदनगाउँ सभाबाट गराउनु पर्नेछ ।

**आज्ञाले**

**अमर बहादुर रोकाया**

**नि.प्रमुख प्रशासकीय अधिकृत**